# पाठ १४

# यूहन्ना १४

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

पिताकहाँ पुग्ने बाटो येशू
पवित्र आत्माको प्रतिज्ञा

## पिताकहाँ पुग्ने बाटो येशू

**यूहन्ना १४:१-१४ पढ्नुहोस्**

आफू मर्ने र तिनीहरूलाई छोडेर जाने सम्बन्धमा जब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, तिनीहरू धेरै निराश भए। तिनीहरूका निम्ति आफू ठाउँ तयार पार्न जान लागेको कुरा बताउँदै उहाँले तिनीहरूलाई उत्साह दिनुभयो। पछि उहाँ फेरि आउनुभई आफूसँग हुनका लागि तिनीहरूलाई लैजानुहुनेछ।



आफ्नै मानिसहरूका निम्ति येशू फेरि फर्केर आउनुहुनेछ भन्ने कुरा याद गर्नु हाम्रो लागि अति महत्त्वपूर्ण छ। सधैँको निम्ति आफैसँग हुनका लागि उहाँले तिनीहरू सबैलाई उठाइलैजानुहुनेछ। त्यो बडो अचम्मको दिन हुनेछ र यसको निम्ति हामी सबै जना तयारी हुनैपर्छ। यदि हाम्रा जीवनमा पाप छन् भन्ने, येशूले हामीलाई आफूसँग लानुहुनेछैन। यदि हामीले हाम्रा पापहरूबाट उद्धार पाएका छौं र परमेश्वरका निम्ति जिइरहेका छौं भने प्रभुसँग हुनका लागि हामीलाई उठाइनेछ।

> "अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ" (यूहन्ना १४ : ३)।

पिताकहाँ पुग्ने एक मात्र बाटो आफू भएको कुरा येशूले घरीघरी भन्नुभयो। स्वर्गमा पुग्नका लागि अरू कुनै बाटाहरू छैनन्। उद्धार पाउनका लागि तपाईंले येशू ख्रीष्टमा र उहाँमा मात्र विश्वास गर्नुपर्छ।

> "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६)।

येशूले प्रतिज्ञा गर्नुभयो कि उहाँमा विश्वास गर्नेहरूले उहाँले गर्नुभएका भन्दा पनि ठूला कामहरू गर्नेछन्। एक पल्टमा येशू एकै ठाउँमा मात्र हुन सक्नुहुन्थ्यो। तर जब उहाँमा विश्वास गर्नेहरू हजारौँमा वृद्धि भए, परमेश्वरको सहायताद्वारा तिनीहरू सबैले येशूले गर्नुभएका कामभन्दा धेरै गर्न सक्ने भए।



उहाँको नाउँमा हामीले प्रार्थना गर्न सक्छौं भनी येशूले भन्नुभयो (१३-१४ पदहरू)। येशूको नाउँमा माग्नुभएको अर्थ येशू आफैले गर्नुभएको जस्तै प्रार्थना गर्नु हो। यसको अर्थ परमेश्वरको इच्छालाई बुझ्नु र उहाँका इच्छाअनुसारका कुराहरूका निम्ति प्रार्थना गर्नु हो। अनि यसको अर्थ येशूको जस्तै अधिकारसाथ प्रार्थना गर्नु हो।

येशूले अधिकारसाथ बोल्नुहुँदा रोग-बिमार र दुष्ट आत्माहरू धपाइए। येशूको नाउँको अधिकारमा हामीले प्रार्थना गर्दा मात्र १२ पदमा भनिएका महान् कामहरू पूरा हुने आशा हामी राख्न सक्छौं। हामी आफैमा कुनै पनि अधिकार छैन।

### तपाईंको अभ्यासको निम्ति

**१** यूहन्ना १४:३ र यूहन्ना १४:६ कण्ठ गर्नुहोस्।

**२** आफूले चेलाहरूलाई छोडेर जाने कुरा गर्नुभएपछि येशूले तिनीहरूलाई कसरी उत्साह दिनुभयो?

**क.** उहाँसँग हुनका लागि तिनीहरूलाई लिन उहाँ आउनुहुनेछ।
**ख.** तिनीहरू मर्नेछन् र परमेश्वरसँग हुनका लागि जानेछन्।
**ग.** अब तिनीहरूलाई उहाँको कुनै आवश्यकता नै पर्दैन।

**३** परमेश्वरमा पुग्ने कतिवटा बाटाहरू त्यहाँ छन्?

**क.** धेरै। कुनै पनि धर्मले तपाईंलाई परमेश्वरकहाँ लैजान्छ।
**ख.** तपाईं ईमानदार हुनुहुन्छ भने, तपाईंले जुनसुकै बाटो पनि पछ्याउन सक्नुहुन्छ।
**ग.** एक मात्र बाटो– येशू ख्रीष्ट।

**४** प्रार्थनाको बारेमा येशूले के भन्नुभयो?

**क.** उहाँलाई पछ्याउनेहरूले उहाँको नाउँमा प्रार्थना गर्नुपर्छ र तिनीहरूले मागेका कुरा उहाँले पूरा गर्नुहुनेछ।
**ख.** उहाँलाई पछ्याउनेहरूले मरियमको नाउँमा प्रार्थना गर्नुपर्छ, किनकि उनी येशूकी आमा थिइन्।
**ग.** उहाँलाई पछ्याउनेहरूले मूर्तिसँग प्रार्थना गर्नुपर्छ।

## पवित्र आत्माको प्रतिज्ञा

यूहन्ना १४:१५-३१

हाम्रा सल्लाहकारका रूपमा पवित्र आत्माले गर्नुहुने कामहरूका बारेमा हामी १४, १५ र १६ अध्यायहरूमा पढ्छौं। संसारका मानिसहरूले पवित्र आत्मा प्राप्त गर्न सक्दैनन्, तर विश्वासीहरूले प्राप्त गर्न सक्छन्। उहाँ सत्यका आत्मा हुनुहुन्छ र सत्य जान्नका लागि हामीलाई सहायता गर्नुहुन्छ। उहाँले हामीलाई सिकाउनुहुन्छ र येशूले सिकाउनुभएको कुरालाई याद गर्न र बुझ्नका लागि हामीलाई सहायता गर्नुहुन्छ।

> "म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ" (यूहन्ना १४:२३)।

हामीले उहाँलाई प्रेम गर्छौं वा गर्दैनौं भन्ने कुरा हामीले गरेका कामहरूबाटै प्रमाणित हुन्छ भनी येशूले भन्नुभएको छ।

> "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र मेरा पिता र म त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं" (यूहन्ना १४:२३)।

येशूका आज्ञाहरू अति नै कठिन छन् भनी धेरै मानिसहरूले विचार गर्छन्। परमेश्वर र येशू जब हामीसँग रहनुहुन्छ, उहाँले हामीलाई सहायता गर्नुहुन्छ। उहाँका सहायताद्वारा उहाँले गर्नुभएका सबै कामहरू हामी गर्न सक्छौं।

## तपाईंको अभ्यासको निम्ति

५ यूहन्ना १४:१६,२३ कण्ठ गर्नुहोस्।

६ आफू गइसकेपछि कस्तो सहायताको निम्ति येशूले चेलाहरूलाई प्रतिज्ञा गर्नुभयो?

क. तिनीहरूसँग बस्नका लागि उहाँले पवित्रआत्मा पठाउनुहुनेछ।
ख. उहाँले तिनीहरूका निम्ति प्रार्थना गर्नुहुनेछ।
ग. उहाँले तिनीहरूसँग कुराकानी गर्नुहुनेछ।

७ येशूलाई प्रेम गर्छु भन्नेहरूका निम्ति त्यहाँ कस्तो जाँच छ?

क. तिनीहरू मण्डलीमा जान्छन् र पानीमा बप्तिस्मा लिन्छन्।
ख. तिनीहरूले उहाँको शिक्षाको आज्ञा पालन गर्छन्।
ग. तिनीहरूले असल कामहरू गर्छन्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

२ क) उहाँसँग हुनका लागि तिनीहरूलाई लिन उहाँ आउनुहुनेछ।

६ क) तिनीहरूसँग बस्नका लागि उहाँले पवित्र आत्मा पठाउनुहुनेछ।

३ ग) एक मात्र बाटो– येशू ख्रीष्ट।

७ ख) तिनीहरूले उहाँको शिक्षाको आज्ञा पालन गर्छन्।

४ क) उहाँलाई पछ्याउनेहरूले उहाँको नाउँमा प्रार्थना गर्नुपर्छ र तिनीहरूले मागेका कुरा उहाँले पूरा गर्नुहुनेछ।